# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, असोज ९ गते २०६३ साल (संख्या २२

## भाग ३

### नेपाल सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

नेपाल सरकारले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३क को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी रारा राष्ट्रिय निकुञ्ज क्षेत्रका देहायको चार किल्लाभित्रको क्षेत्रलाई रारा राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र तोकिएकोले यो सूचना प्रकाशन गरिएको छः –

पूर्वः पूर्वमा श्रीनगर गा. वि.स. को वडा नं. ९ स्थित इमा वस्तीलाई भित्र पार्दै मुंगु कर्णालीमा मिसिएको साँया खोलालाई आधारमानी पश्चिमतर्फ साँया खोलै खोला साँया खोला घट्टसम्म, साँया खोला घट्टबाट दक्षिण नाउर खोला हुँदै खोलै खोला पूर्वतर्फ जिल्ला सदर मुकाम गमगढीलाई बाहिर पारेर चैन खोला र गमगाढको दोभान सम्म। क्रमशः पूर्वको गमगाढ खोला हुँदै दक्षिणतर्फ कार्कीबाढा गा वि स.को वडा नं. २ को पूर्वी सीमानालाई कायम राख्दै पिना गा.वि.स. वडा नं. ५ र ९ को पूर्वी सीमाना मुन्दु खोला हुँदै वुम्रामारी चौर गा.वि.स. बडा नं. ७ को पूर्वी सीमाना काथ्रा खोला हुँदै तलीगाड खोलाको दोभानसम्म ।

१२५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पश्चिमः महेन्द्रमल्ली खोलालाई पश्चिमी सीमाना मान्दै उत्तरतर्फ कन्कासुन्दरी गा.वि.स. को पश्चिमो सीमाना हुँदै कालाकाँडा लेकको ३,४६४ मिटर उचाईको चुचुरालाई सीमाना कायम राखी खमाले गा.वि.स. को वडा नं: ९ को चाकपाडे गाउँलाई भित्र पारी उत्तरतर्फ बहने छोटे खोलालाई आधार मानी शेरी गा.वि.स. को वडा नं. २ को पश्चिमी सीमाना हुँदै बग्ने छोटे खोलादेखि खत्याड खोलाको दोभानसम्म र खत्याड खोलाको केही पश्चिमतर्फ हुँदै बग्ने पुत्ता खोलाको दोभानसम्म त्यसपछि सेरी गा. वि.स. को वडा नं. ३ र ५ को पश्चिमी सीमाना भएर पुत्ता खोलै खोला उत्तर पूर्व ३,६२२ मिटरको चुचुरा भएको काला पानी खाम्दुला डाँडो हुँदै उत्तरपूर्व बगेको खोल्सा भएर क्रमशः रारा गा.वि.स. को वडा नं. ३ र १ को पश्चिम सीमाना तथा कालैं गा. वि. स. को पूर्वी सीमानालाई कायम राखदै मुगु कर्णाली नदीमा मिसिने खोल्साको दोभानसम्म।

उत्तरः पूर्वबाट पश्चिमतर्फ बगेको मुगु कर्णाली नदी हुँदै पूर्वतर्फ रारा र श्रीनगर गा वि.स.हरूको उत्तरी सीमानालाई कायम राखेर पूर्वमा श्रीनगर गा. वि.स. वडा नं ९मा अवस्थित इमा बस्तो छेउ भएर बग्ने साँया खोला र मुगु कर्णालीको दोभानसम्म।

दक्षिणः दक्षितर्फ बगेको तलीगाड खोला हुँदै पश्चिमतर्फ बग्ने लाहागाड खोलैं खोला वोतामालीका गा. वि.स.को वडा नं. ९ को उत्तरी सीमानालाई कायम राखदै गानो खोलाको दोभानसम्म र त्यहाँबाट कन्कासुन्दरी गा. वि.स को वडा नं. १,२,३ र ४ बस्ती क्षेत्रलाई भित्र पार्दै ३,२०२ मिटर उचाईको चुचुरोलाई आधार मानेर पश्चिमतर्फ महेन्द्रमल्ली खोलामा मिसिने खोल्सा हुँदै दोभानसम्म।

आज्ञाले,
फणिन्द्र गौतम
उपसचिव कानून

## नेपाल सरकार

## कृषि तथा सहकारी मन्त्रालयको सूचना

नेपाल सरकारले बिरुवा संरक्षण ऐन, २०२९ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी सोही दफाको खण्ड (ङ) बमोजिम बिरुवा वा बिरुवा-



५७६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उत्पादन पैठारी निकासीको लागि देहाय बमोजिमका प्लाण्ट क्वारेन्टिन कार्यालय, प्लाण्ट क्वारेण्टिन चेकपोष्ट तथा प्लाण्ट क्वारेण्टिन उप-चेकपोष्ट स्थापना गरी तिनीहरूको काम, कर्तव्य र अधिकार देहाय अनुसार तोकेको छः–

१. राष्ट्रिय प्लाण्ट क्वारेण्टिन कार्यक्रमः

क) नेपालको प्लाण्ट क्वारेण्टिन प्रक्रियालाई अन्तर्राष्ट्रिय वाली संरक्षण महासन्धि र विश्व व्यापार संगठनको एस पि.एस. सम्झौता अनुरुप हुने गरी बनाउने तर्फ कार्य गर्ने,

ख) बिरुवा तथा बिरुवाजन्य वस्तुहरूको पैठारी र निकासीमा क्वारेण्टिन प्रक्रिया अवलम्वन गर्ने गराउने,

ग) आयात इजाजतपत्र र बिरुवा स्वस्थता प्रमाणपत्र जारी गर्ने,

घ) बिरुवा तथा बिरुवाजन्य वस्तुहरूको व्यापारमा देखिएका प्लाण्ट क्वारेण्टिन सम्बन्धी नीतिगत समस्याहरू समाधान गर्ने, गराउने,

ङ) आफ्नो मातहतका कार्यालय, चेकपोष्ट तथा उप-चेकपोष्ट र प्लाण्ट क्वारेण्टिन कार्यक्रमहरूको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कन गर्ने,

च) आन्तरिक क्वारेण्टिन कार्यक्रम लागू गर्ने, गराउने तर्फ कार्य गर्ने,

छ) बिरुवा बिरुवाजन्य उपजका पैठारी र निकासी प्रक्रियाको प्राविधिक सम्परीक्षण गर्ने,

ज) अन्तर्राष्ट्रिय बिरुवा संरक्षण महासन्धि तथा एशिया प्रशान्त क्षेत्रीय बिरुवा संरक्षण आयोगबाट निर्धारित बिरुवा स्वस्थता सम्बन्धी मापदण्डहरू उपर राय सुझाव प्रदान गर्ने,

झ) राष्ट्रिय बिरुवा स्वस्थता तथ्याङ्क अद्यावधिक गर्ने,

ञ) प्लाण्ट क्वारेण्टिन कार्यसँग सम्बन्धित अन्य कायहरू गर्ने।

२. क्षेत्रीय प्लाण्ट क्वारेण्टिन कार्यालयः

क) आफ्नो कार्य क्षेत्रभित्र भइरहेका बिरुवा तथा बिरुवाजन्य उपजको पैठारी र निकासीमा क्वारेण्टिन प्रक्रिया अवलम्बन गर्ने, गराउने,

ख) आयातीत बीऊ र बिरुवासँग भित्रिएका क्वारेण्टिन शत्रुजीवहरुको निदानका लागि पोष्ट ईण्ट्रि क्वारेण्टिन गर्ने, गराउने,



१०८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

ग) आयात इजाजतपत्र र बिरुवा स्वस्थता प्रमाणपत्र जारी गर्ने,

घ) प्लाण्ट क्वारेण्टिन कार्यालय वा चेकपोष्ट नरहेको तर पैठारी भई रहेको नाकाको पहिचान गरी आवश्यकता अनुसार मोबाइल क्वारेण्टिन टोली खटाउने र सो सम्बन्धी जानकारी राष्ट्रिय प्लाण्ट क्वारेण्टिन कार्यक्रमलाई गराउने,

ङ) सरोकारवाला निकायहरू र छिमेकी मुलुकका प्लाण्ट क्वारेण्टिन सम्बन्धी निकायसंग समन्वय कायम राखी कार्य गर्ने,

च) आन्तरिक क्वारेण्टिन कार्यक्रम लागू गर्ने सम्बन्धमा सम्बन्धित निकायहरूसंग समन्वय राखी कार्य गर्ने,

छ) शत्रुजीव पहिचान तथा निदान गर्न आवश्यकतानुसार क्षेत्रीय बाली संरक्षण प्रयोगशालाहरूसंग सहयोग लिई कार्य गर्ने,

ज) पैठारी गरिएका बोउ तथा बिरुवाहरू रोपिएको क्षेत्रमा गई स्थलगत सर्भेक्षण गर्दा बाह्य वा क्वारेण्टिन शत्रुजीव देखिएमा यथाशीघ्र माथिल्लो निकायमा जानकारी गराई क्षेत्रीय बाली संरक्षण प्रयोगशालाको सहयोग लिई रोकथाम प्रकिया अपनाउने,

झ) पैठारी गरिएका बिरुवा, बिरुवाजन्य उपजका अतिरिक्त यातायातका साधन, पोका र कन्टेनरको समेत निरीक्षण गर्ने,

ञ) पैठारी वा निकासी सम्बन्धी तथ्याङ्कहरू अद्यावधिक गरी माथिल्लो निकायमा पठाउने,

ट) आन्तरिक वा बाह्य कारोवारसम्बन्धी देखापरेका व्यापारिक विवादहरू माथिल्लो निकायलाई जानकारी गराउने।

२ प्लाण्ट क्वारेण्टिन चेकपोष्ट:

क) पैठारी वा निकासीका लागि पेश भएका निवेदन दर्ता गर्ने र कागजात पर्याप्त छ, छैन जाँच गर्ने,

ख) पैठारी वा निकासी गरिने वस्तुहरूको नमूना लिई बिरुवा स्वस्थताको निरीक्षण, परीक्षण गर्नुका साथै आवश्यक भए उपचारको व्यवस्था गर्ने,

ग) प्लाण्ट क्वारेण्टिन अधिकृत कार्यरत रहेको चेकपोष्टद्वारा आयात इजाजतपत्र र बिरुवा स्वस्थता प्रमाणपत्र जारी गर्ने,

घ) पैठारी गरिएको बोउ र बिरुवाहरू रोपिएको क्षेत्रमा गई स्थलगत सर्भेक्षण गर्दा बाह्य वा क्वारेण्टिन शत्रुजीव देखिएमा यथाशीघ्र



११b

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

माथिल्लो निकायमा जानकारी गराई पहिचान र नियन्त्रणका लागि क्षेत्रीय बाली संरक्षण प्रयोगशालाको सहयोग लिई कार्य गर्ने,

ङ) पैठारी वा निकासी सम्बन्धी तथ्याङ्कहरू अद्यावधिक गरी माथिल्लो निकायमा पठाउने,

च) पैठारी वा निकासी गर्दा पालना गर्नुपर्ने राष्ट्रिय, अन्तर्राष्ट्रिय मापदण्डहरूको विषयमा व्यापारिक साझेदारहरूलाई अवगत गराउने,

छ) सरोकारवाला निकायहरूसंग समन्वय कायम राखी प्लाण्ट क्वारेण्टिन कार्यक्रम प्रभावकारी रूपले सञ्चालन गर्ने,

४. प्लाण्ट क्वारेण्टिन उप-चेकपोष्ट:

क) पैठारी हुने वस्तुहरूको सम्बन्धमा निर्यात गर्ने मुलुकहरूद्वारा जारी गरिएको बिरुवा स्वस्थता प्रमाणपत्रको आधारमा नमूना लिई निरीक्षण, परीक्षण र आवश्यक परेमा उपचार गर्दा स्वस्थ पाइएमा प्रवेशका लागि अनुमति दिने,

ख) निकासी गरिने वस्तुहरूको नमूना लिई स्वस्थताको निरीक्षण परीक्षण गर्नुका साथै आवश्यक भए उपचारको व्यवस्था गर्ने,

ग) पैठारी गरिएको बीउ र बिरुवाहरू रोपिएको क्षेत्रमा गई स्थलगत सर्भेक्षण गर्दा वाह्य वा क्वारेण्टिन शत्रुजीव देखिएमा यथाशीघ्र माथिल्लो निकायमा जानकारी गराई पहिचान र नियन्त्रणका लागि क्षेत्रीय बाली संरक्षण प्रयोगशालाको सहयोग लिई कार्य गर्ने,

घ) पैठारी वा निकासीसम्बन्धी तथ्याङ्कहरू अद्यावधिक गरी माथिल्लो निकायमा पठाउने,

ङ) पैठारी वा निकासी गर्दा पालना गर्नुपर्ने राष्ट्रिय, अन्तर्राष्ट्रिय मापदण्डहरूको विषयमा व्यापारिक साझेदारहरूलाई अवगत गराउने,

च) सरोकारवाला निकायहरूसंग समन्वय कायम राखी प्लाण्ट क्वारेण्टिन कार्यक्रम प्रभावकारी रूपले सञ्चालन गर्ने,

आज्ञाले,

गणेशकुमार के.सी

नेपाल सरकारको सचिव



१५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सर्वोच्च अदालतको सूचना

### सर्वोच्च अदालत (आठौं संशोधन) नियमावली, २०६३

सर्वोच्च अदालत नियमावली, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सर्वोच्च अदालत ऐन २०४८ को दफा ११ ले दिएको अधिकार प्रयोग गरी सर्वोच्च अदालतले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "सर्वोच्च अदालत (आठौं संशोधन) नियमावली, २०६३" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. सर्वोच्च अदालत नियमावली, २०४९ को नियम १५ मा संशोधनः सर्वोच्च अदालत नियमावली, २०४९ को नियम १५को उप नियम (१) को,–

(१) खण्ड (ड) को अन्त्यमा रहेको "र" भन्ने अक्षर झिकिएको छ ।

(२) खण्ड (ण) पछि देहायको खण्ड (त) थपिएको छ,–

"(त) कुनै कर्मचारीलाई आवश्यकता अनुसार समयावधि तोकी वा नतोकी एक अदालतबाट अर्को अदालत वा मातहतको अन्य न्यायिक निकायमा काज खटाउने ।"

आज्ञाले,
डा. रामकृष्ण तिमलसेना
रजिष्ट्रार
सर्वोच्च अदालत

## नेपाल सरकार

### कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

नेपाल सरकारले पुनरावेदन अदालत पाटनका रजिष्ट्रार श्री शेषराज शिवाकोटीलाई श्रम ऐन, २०४८ को दफा ७२ बमोजिम गठन भएको श्रम अदालतको मुद्दा हेर्ने अधिकारी तोकेको छ ।

आज्ञाले,
डा. कुलरत्न भूर्तेल
नेपाल सरकारको सचिव



९८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## नेपाल सरकार
## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको सूचना

नेपाल सरकारको मिति २०६३।५।२६ को निर्णयानुसार नेपाल कानून सुधार आयोगको उपाध्यक्ष पदमा सोही आयोगका तत्कालीन सचिव श्री हरिप्रसाद न्यौपानेलाई संवैधानिक निकायका वहालवाला प्रमुख पदाधिकारीले पाए सरहको पारिश्रमिक र सुविधा पाउने गरी ५ वर्षको लागि नियुक्ति गरिएको छ ।

आज्ञाले,
डा. कुलरत्न भूर्तेल
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु ५।-
गो हु.द.नं. १६।२०६२।६३

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

626

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।